निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति: २०७८/०८/०९

# प्रेस विज्ञप्ति

## दलको आय र व्ययको लेखा राख्ने ढाँचा सम्बन्धमा

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४० मा राजनीतिक दलले आफ्नो आय र व्ययको वास्तविक हिसाब किताब देखिने गरी लेखा राख्नु पर्नेछ र दलले राख्ने लेखाको ढाँचा आयोगले तोक्ने व्यवस्था रहेको छ । यस व्यवस्था अनुसार आयोगले मिति २०७८।०८।०९ मा दलको आय र व्ययको लेखा राख्ने ढाँचा स्वीकृत गरेको छ ।

दलले गर्ने आम्दानी र खर्चलाई विभिन्न शीर्षकमा वर्गीकरण गरी आम्दानी र खर्चको लेखाङ्कन तथा प्रतिवेदनको लागि आठ वटा फारामहरूको ढाँचा तोकिएका छन र लेखा राख्नको लागि सम्बन्धित फाराममा नै फाराम भर्ने निर्देशिका समेतको व्यवस्था गरिएको छ । लेखाको ढाँचा तयार गर्ने सम्बन्धमा सबै राजनीतिक दलहरू तथा सम्बन्धित विज्ञहरूसँग सुझाव संकलन गरी प्राप्त सुझावहरू समेत समावेश गरी दलको आय र व्ययको लेखाको ढाँचा तोकिएको र यस्तो ढाँचामा दलले आम्दानी र खर्चको लेखा राख्ने र प्रतिवेदन गर्ने हुनाले यस व्यवस्थाले राजनीतिक दलको आर्थिक कारोबार व्यवस्थित, पारदर्शी र एकरूपता हुने विश्वास आयोगले लिएको छ ।

२०७८।०८।०९

(शालिग्राम शर्मा पौडेल)
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"